# नगर सन्देश

नगर सन्देश वा:पौ(साप्ताहिक)

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अङ्क ३३ ● ने.सं. ११४० दिल्लाथ्व ९ (नवमि) ● वि.सं. २०७७ असार १५ गते, सोमबार ● 2020 June 29 Monday ● पृष्ठ ८

अनलाइन संस्करण


### कीर्तिपुर नगरपालिकाको सहयोगमा

# कीर्तिपुर अस्पतालमा निःशुल्क हेमोडायलाइसिस सेवा सञ्चालन



कीर्तिपुर नगरपालिकाको सहयोगमा कीर्तिपुर अस्पतालले हिजो आइतबारदेखि हेमोडायलाइसिस सेवा सञ्चालन गरेको छ। कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले आइतबार सो सेवाको समुद्घाटन गर्नुभएको हो।

कीर्तिपुर नगरपालिकाले करीव १ करोड १० लाख रुपैंया सहयोग गरेर कीर्तिपुर अस्पतालमा उक्त सेवाको ईकाई नै स्थापना गरी मृगौला रोगीहरूका लागि हेमोडायलाइसिस सेवा सञ्चालन गरेको हो।

उक्त कार्यक्रममा उप-प्रमुख सरस्वती खड्का, वडा नं १ का अध्यक्ष तथा कीर्तिपुर नगरपालिकाका स्वास्थ्य समितिका अध्यक्ष हर्ष महर्जन, वडा नं. २ का अध्यक्ष रमेशमान डंगोल लगायत विभिन्न राजनीतिक दलका प्रतिनिधहरू, कीर्तिपुर अस्पतालका नि.निर्देशक डा. पेरु प्रधान, डा. भरत प्रधान, फेक्ट नेपालका गौरी प्रधान, कन्सल्टायण्ट नेफ्रोलोजिष्ट डा. अर्चन शमसेर राणा र स्वास्थ्यकर्मीहरूका साथै संचारकर्मीहरूको समेत उपस्थिति रहेको थियो।

कीर्तिपुर अस्पतालमा करीव एक वर्ष अघि नै हेमोडायलाइसिस गर्ने मेशिन ल्याइ सेवा सञ्चालनको तयारी गरे तापनि नेपाल सरकारको मापदण्ड नपुगेकोले सेवा सञ्चालन गर्न सकिएको थिएन। नेपाल सरकारको मापदण्ड अनुसार ५ वटा मेशिन आवश्यक भएको र कीर्तिपुर नगरपालिकाले सो आवश्यकता पूरा गरेकोले गत असार ११ गते एक डमी डेमोन्स्ट्रेसन समेत गरको थियो।

डायलाइसिस सेवा लिने बिरामीको लागि नेपाल सरकारले प्रत्येक पटकको रु. दुई हजार पाँच सय रुपैंया सहयोग गरिरहेको भए पनि सो सहयोग लिन सूचीकृत हुनु पर्ने भएकोले हाललाई कीर्तिपुर नगरपालिकाले रु. एक हजार पाँच सय मात्र र कीर्तिपुर अस्पतालले बाँकी रु. एक हजार मात्र ब्यहोरेर बिरामीको लागि भने निःशुल्क नै गर्ने बताइएकोछ।

५ वटा मेशिन मध्ये हाल दुई वटा मात्र चलाउने र केही दिन पछि विरामीको चापको आधारमा सबै मेशिनबाट सेवा उपलब्ध गराउने र दैनिक २० जना विरामीलाई सेवा दिन सकिने बताइएको छ। यस अस्पतालबाट अब मृगौला प्रत्यारोपण बाहेक मृगौला सम्बन्धी सम्पूर्ण रोगको उपचार समेत हुने कन्सल्टायण्ट नेफ्रोलोजिष्ट डा. अर्चन शमसेर राणाले बताउनु भयो।

शुभारम्भमा कीर्तिपुर नगरपालिका वडा नं. ३ खाःसिबजार बस्ने सन्तु तण्डुकारलाई डायलाइसिस गरेको थियो। विरामी तण्डुकारलाई नगर प्रमुख महर्जनले अस्पतालको शैयामै भेटी शीघ्र स्वास्थ्य लाभको समेत कामना गर्नु भएको थियो।



## सम्पादकीय

### "असारे विकास" संस्कारको अभिशापबाट कीर्तिपुरलाई मुक्त गरौं

विगत लामो समयदेखि नै नेपाल र नेपाली समाज "असारे विकास" को कुसंस्कार र सरकारी विकासे निकायबीचको समन्वय अभावको अभिशापले अभिशप्त छ। यो कुनै एक क्षेत्र र योजनाको कुरा मात्र होइन। नेपालको आम प्रवृत्ति बनेको छ। जनस्तरबाट जहिल्यै यो प्रवृत्ति र शैलीको व्यापक विरोध र आलोचना भैरहेको छ। विकासको काम समयमै थाल्ने र पूरा गर्ने परिपाटी यो मुलुकमा कहिल्यै बस्न सकेन। असार लागेपछि जताततै बाटो, ढल, कुलो आदि खनिएको, माटो ढुङ्गा थुपारेको, वर्षे भेलले भर्खर बनाएका सडक, पर्खाल, ढल आदि ध्वस्त पारेको हामी सबैले देखेका छौं। या त असार नलाग्दै थालनी गरिएका काम पनि असारसम्म पनि थाँती रहेको देखेका छौं। जनता प्रश्न गरिरहेका छन् यो काम गर्न किन असार नै कुर्नु पर्‍यो ? सरकार र सरकारका विकासे अड्डाको यस्तो कार्य शैलीको अन्त्यको थालनी कीर्तिपुरबाट गरौं। कीर्तिपुर नगरपालिका र कीर्तिपुरमा कार्यरत विकासे कार्यालयहरूकीचको समन्वयमा यो कार्य सम्भव छ।

गत दशौं लगतै खनिएका बाटोहरू, कालोपत्रे गरिएका सडकहरू अहिले ५-६ महिना पछि खनिएका छन्। किन खनिन्छन् ? अहिले खन्नु थियो भने त्यो बेलामा किन बनाइन्छन् ? किनभने यहाँ जति भत्कायो त्यति फाइदा छ। बनाउने निकायले बनाएर जान्छ, अर्को निकायले त्यसमा समन्वय गर्दैन र फेरि भत्काइन्छ किनभने भत्काएपछि फेरि बजेट पाइन्छ। भत्काउँदै बनाउँदै गर्दा कमिसन प्राप्त हुन्छ। त्यही कमिसनको लोभमा यी सब काम यसरी लथालिङ्ग भताभुङ्ग पाराले गर्ने गरिएको यथार्थ हामी कसैबाट लुकेको छैन।

हामी सबैले यो आर्थिक वर्षको अन्त्य हुनै लाग्दा यो कसम खाऔं कि आगामी वर्ष देखि यस्तो हुन कीर्तिपुरमा दिइने छैन। बरु काम २-४ महिना ढिलो होस्, तर काम भए पछि गुणस्तरीय र टिकाउ होस्। यसका लागि बेलैमा काम गर्ने र विकास निर्माणका काम गर्न असारे भेल कुर्नु पर्ने स्थितिको अन्त्य जरुरी छ। धेरै नभए तापनि नगर नेतृत्वले अलिकति यतातर्फ ध्यान दिई योजनाबद्ध किसिमले सक्रिय हुने र त्यसका लागि प्रतिबद्ध हुने र नागरिक समाज सचेत हुने हो भने कीर्तिपुरबाट यस शैलीको प्रारम्भ सम्भव छ।

# विपद्को पूर्व तयारी र जोखिम न्यूनीकरणका उपायहरू-२

**हर्षमान महर्जन**

२) बाह्य सहयोग (सरकारी र गैरसरकारी) प्राप्त हुनु अघि स्थानीय स्तरमा प्रतिकार्य शुरु गर्ने क्षमताको विकास,

३) राहत तथा पुनःस्थापनाका क्रममा आवश्यकताअनुसार वस्तु, सेवा तथा नगद वितरणका कार्यहरू सञ्चालन गर्ने क्षमता विकास,

४) स्थानीय स्तरमा सामाजिक परिचालनमार्फत अस्पताल, विद्यालय, सार्वजनिक तथा सेवा प्रदायक निकायहरू, बाटो, आवागमनको साधन, सञ्चार सुविधा आदिको मर्मत सम्भार र पुनःस्थापना गर्ने क्षमता विकास,

५) छोटो अवधिमा आर्य आर्जनका उपायहरूको स्थानीय स्तरमा पहिचान र कार्यन्वयन,

**तेस्रो चरण :** यस चरणमा विगतको अनुभवबाट पाठ सिक्दै समुन्नत भविष्य तर्फ अग्रसर हुनका निम्ति निम्न लिखित क्षमता विकास हुनेछ।

१) विगतका विपद्बाट पाठ सिक्दै सङ्कटासन कम गर्ने उपायहरूको पहिचान र कार्यन्वयन,

२) विपद् पुनः लाभ र पुनःनिर्माण कार्य योजनामा बहुप्रकोप जोखिम न्यूनीकरण अवधारणाको संयोजन,

३) विपद्बाट क्षतिग्रस्त स्थानीय आर्थिक प्रणाली,बजार र आपूर्ति व्यवस्था सुचारु गर्न ज्ञान र सीपको प्रयोग,

४) समुदायको अगुवाइमा स्थानीय सरकार, सरकारी निकाय र गैरसरकारी संघसंस्थाबाट प्राप्त सहयोगको परिचालन,

५) स्रोत परिचालन र व्यवस्थापनमा आत्म निर्भरता,

**क) स्थानीय तहको जिम्मेवारी तथा भूमिका :**

यस रणनीतिमार्फत स्थानीय तहलाई रणनीति कार्यान्वयनका लागि जिम्मेवार उत्तरदायी निकायका रुपमा पहिचान गरिएको छ। रणनीति कार्यान्वयनमा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिका सहयोगी र समन्वयकारी निकायको रुपमा रहने छ। रणनीति कार्यान्वयनको अनुगमन र मूल्याङ्कन प्रकियामा उक्त मन्त्रालय र स्थानीय तहको संयोजनमा अन्य सरोकारवाला निकाय र संघ संस्थाहरुको सहभागिता रहनेछ।

**मेरो धारणा**



नेपालको संविधानले स्थापित गरिएको संघीय शासनको अवधारणाअनुरुप सञ्चालित संघीय र प्रादेशिक सरकारको समन्वय र सहजीकरणमा स्थानीय तहहरूले रणनीति कार्यान्वयन गर्ने छन्।

**ख) संघीय तथा प्रदेश सरकारको जिम्मेवारी तथा भूमिका :**

नेपालको संविधानले स्थापित गरिएको संघीय शासनको अवधारणाअनुरुप सञ्चालित संघीय र प्रादेशिक सरकारको समन्वय र सहजीकरणमा स्थानीय तहहरूले रणनीति कार्यान्वयन गर्ने छन्। रणनीतिले अवलम्बन गरेको बहुआयामिक, बहुक्षेत्रीय र बहुविधागत अवधारणा कार्यान्वयनमा शहरी क्षेत्र, समुदाय, पूर्वाधार विकास र व्यवस्थापन, प्राकृतिक स्रोत व्यवस्थापन, उत्पादन र आपूर्तिका साथै वित्तिय व्यवस्थापनसँग सम्बन्धित मन्त्रालय र निकायहरूको प्रत्यक्ष र परोक्ष सहयोग आवश्यक हुन्छ।

क्रमशः

*(लेखक नगर स्तरीय विपद् तथा जलवायु उत्थानशीलता समितिका विज्ञ हुन्।)*

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# कीनपाको सातौं नगर सभा

# आ.व. २०७७/०७८ का लागि रू. ८४,५८,४०,००० को बजेटका साथै नीति तथा कार्यक्रम प्रस्तुत

## स्थानीय पाठ्यक्रममा स्थानीय भाषा प्रयोग गर्ने नीति अवलम्बन



कीर्तिपुर नगरपालिकाको सातौं नगरसभा शुरु भएको छ। यही असार १० गते कृष्ण क्याटरिङ्ग, अमल्सिमा नगरपालिकाका प्रमुख रमेश महर्जन र उपप्रमुख सरस्वती खड्काले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो।

नगर प्रमुख महर्जनको अध्यक्षतामा भएको कार्यक्रमको पहिलो चरणमा उप-प्रमुख तथा प्रवक्ता सरस्वती खड्काले आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमका साथै आर्थिक वर्ष २०७७/०७८ का लागि रु. ८४ करोड ५८ लाख ४० हजार बराबरको बजेट पनि प्रस्तुत गर्नुभएको थियो।

- **कोभिडरू१९ बाट सिर्जित संकट व्यवस्थापन गरिने**
- **आधारभूत तहमा स्थानीय पाठ्यक्रम स्थानीय भाषा प्रयोग हुने गरी लागु गरिने**
- **"एक वडा ५० जनालाई सीपमुलक तालिम" कार्यक्रम सञ्चालन गरिने**
- **नगर क्षेत्रको सार्वजनिक क्षेत्र, धार्मिक स्थल तथा विद्यालय हाताभित्र सञ्चालन हुनेगरी फ्रि वाइफाइ जडान गरिने**

यसपालिको नीति तथा कार्यक्रममा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) बाट सिर्जित सङ्कटलाई व्यवस्थापन गरिने विभिन्न नीतिहरूलाई अगाडि सारिएको छ भने आधारभूत तहमा स्थानीय पाठ्यक्रम स्थानीय भाषा प्रयोग हुने गरी लागु गरिने नीति अवलम्बन गरेको छ।

त्यसैगरी रोजगारीलाई प्राथमिकता दिई एक वडा ५० जनालाई सीपमूलक तालिम कार्यक्रम अगाडि सारेको छ भने आधुनिक प्रविधियुक्त युगलाई अँगाल्दै नगर क्षेत्रका सार्वजनिक स्थानहरू, धार्मिक स्थल तथा विद्यालय हाताभित्र फ्रि वाइफाई जडान गरिने नीति ल्याएको छ।

चालु आर्थिक वर्षमा बाँकी रहेका सम्पूर्ण योजनाहरू सम्पन्न गरिने र राजश्वमा लाग्ने सम्पूर्ण जरिवानालाई छुट दिइने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

प्रस्तुत नीति तथा कार्यक्रमको बारेमा १० वटै वडाका अध्यक्षहरूले आ-आफ्ना धारणा राख्नु भएको थियो भने वडा नं. ९ का अध्यक्ष गंगाराम महर्जनले आफ्नो धारणा नेपालभाषामा राख्नुभएको थियो।

नगरपालिकाले नीति तथा कार्यक्रमका लागि जनताहरूलाई भेला गराई सुझाव सङ्कलन गर्नुपर्ने भए तापनि कोभिड-१९का कारण सम्भव नभएकोले कीर्तिपुर नगरपालिकाको आधिकारिक माध्यमहरू वेवसाइट, इमेल, सामाजिक सञ्जाल फेसबुक (हेलो कीर्तिपुर नगरपालिका ), कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित साप्ताहिक बुलेटिन "नगर सन्देश"को फेसबुक तथा इमेल, नगर प्रमुखको मोबाइल नं. र इमेल, उप-प्रमुखको मोबाइल नं. र इमेल, प्रमुख प्रशासकीय अधिकृतको मोबाइल नं. र इमेल त्यस्तै सूचना अधिकारीको मोबाइल नं. र इमेल मार्फत सुझावहरू सङ्कलन गरिएका थिए।

नगरसभाको दोश्रो चरण यही असार १७ गते दिनको १:३० बजे बस्ने र उक्त सभाले प्रस्तुत नीति तथा कार्यक्रमलाई पारित गरिने जानकारी गराइएको थियो।

# सिविन नेपालपाखें किपू नगरपालिकायात ट्यांकी ग्वहालि




कोरोना भाइरस (कोभिड-१९) या हुनिं धायूर धायूर हे ल्हाः सिलाच्वनेमाःगु खँयात ध्यानय् तयाः सिविन नेपालं किपू नगरपालिकायात निगः टचलेस (ल्हाःतं थी म्वाःगु) ट्यांकी ग्वहाली याःगु दु।

वंगु असार ११ गते बिहिवाः किपू नगरपालिकाका उप-प्रमुख सरस्वती खड्का व वडा नं. ५ या अध्यक्ष राजेन्द्र महर्जनयात उगु ट्यांकी लःल्हानाब्यूगु खः।

किपू नगरपालिकां त्रिभुवन विश्वविद्यालयस दयेकातःगु क्वारेन्टिनय् छगः ट्यांकी तःगु खःसा आः व ट्यांकी अनं लिकया किपू नगरपालिकां हे त्रिवि लायन्स रक्त सञ्चार केन्द्र भवनय् दयेकूगु पीसीआर परीक्षणय् तःगु दु।

अथेहे मेगु छगः ट्यांकी वडा नं. ५, राराहिल स्कुलय् दयेकातःगु क्वारेन्टिनय् तःगु दु। ट्यांकी लःल्हाना ज्याभ्वलय् वडा नं १० या अध्यक्ष अमन महर्जनया नं ब्वति दुगु खः।

लुमंकेबहःजू, थ्वस्वयां न्ह्यः गुथिं किपू नगरपालिकायात न्हय्गः अजाःगु हे ट्यांकी ग्वहाली याःगु खःसा न्हय्गु हे थासय् ल्हाःसिके कथं न्ह्यानाच्वंगु दु।

## किपू नगरपालिकां अत्याधुनिक सुविधा दुगु एम्बुलेन्स हल




किपू नगरपालिका न्याःगु अत्यावश्यक सुविधा दुगु एम्बुलेन्स तःन्हु लिपा नगरपालिकाय् थ्यंके हःगु दु। फोर्स कम्पनीया थुगु एम्बुलेन्सय् तःच्वःजूपिं ल्वगितय्‌त समेत मदयेक मगाःगु अक्सिजन लगायतया सुविधा त दुगु धाःगु दु।

वंगु असार ९ गते नगरपालिकाय् थ्यंकेहःगु थुगु एम्बुलेन्स नगर प्रमुख रमेश महर्जनयात लःल्हाःगु खः। देसय् लकडाउन जुइ न्ह्यःहे विरगञ्ज भंसारय् थानाच्वंगु थुगु एम्बुलेन्स नगरय् थ्यंगुलिं किपूबासीपिं प्रत्यक्ष लाभान्वित जुइगु धाःगु दु। थ्यंमथ्यं ४८ लख १५ द्वः (कर सहित) तूगु थुगु एम्बुलेन्स याकनं हे न्ह्याकेगु जानकारी ब्यूगु दु।


कीर्तिपुर नगरपालिका

कोरोना भाइरस (COVID-19) को माहामारीमा राहत वितरण गर्न सहयोगका लागि अपिल !!!

**बैंकको नाम**

राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा

**खाताको नाम**

कीर्तिपुर नगरपालिका आकस्मिक कोष

**खाता नं.**

१७०००३०७०२०००२

# किपू नगरपालिकाया न्हयक्व:गु नगरसभाया किपा





















**ढल निर्माण कार्यको निरीक्षण :** कीर्तिपुरमा ढलको निरीक्षण तथा अनुगमण गर्दै बागमती प्रदेश सरकारको खानेपानी तथा सरसफाइ डिभिजन-५ भौतिक पूर्वाधार मन्त्रालयका डि.ई अनिल केशरी, ई. कुल प्रसाद शर्माका साथ कीनपा वडा नं. ९ का अध्यक्ष गंगाराम महर्जन । कीनपाले सो डिभिजनबाट प्राप्त विभिन्न ढलका योजनाहरू सञ्चालन गरिरहेको छ। *तस्बिर : ज्ञानकुमार महर्जन*

# सूचना ! सूचना !! सूचना !!!

यस कीर्तिपुर नगरपालिकाबाट “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र नवीकरण गर्ने कार्य “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ अनुसार आ.व. २०७६/०७७ को २०७६ असोज मसान्तसम्म कीर्तिपुर नगरपालिका अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरूको प्रमाणपत्र नवीकरण गर्नु पर्ने तथा दोब्बर दस्तुर तिरी २०७६ चैत्र मसान्तसम्म नवीकरण गर्नु पर्नेमा विश्वभरी महामारीको रुपमा फैलिरहेको कोरानेना भाइरस (कोभिड-१९) का कारण २०७६ चैत्र ११ गते देखि पटक पटक गरी २०७७ जेष्ठ मसान्तसम्म लकडाउन भई राजश्व र नवीकरण सम्बन्धी कार्य हुन नसकेको र २०७७ आषाढ १ गते देखि नियमित रुपमा कार्यालय सञ्चालनमा आएको हुँदा यस नगरपालिकाको मिति २०७७ आषाढ १२ गतेको नगर प्रमुख स्तरीय निर्णयनुसार उक्त “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र नवीकरण गर्ने म्याद दोब्बर दस्तुर तिरी मिति २०७७ आषाढ मसान्तसम्म थप गरिएको हुँदा सम्पूर्ण निर्माण व्यवसायीहरूको जानकारीको लागि अनुरोध छ। उक्त समयमा नवीकरण नभएमा निर्माण व्यवसायी प्रमाणपत्र कार्यविधि अनुसार इजाजत पत्र स्वतः खारेज हुने व्यहोरा समेत अनुरोध गरिन्छ।

**कीर्तिपुर नगरपालिका**

**राजश्व शाखा**

# फोहोरमैला व्यवस्थापन सम्बन्धी दुई दिने तालिम सम्पन्न



काठमाडौं लगायत अन्य क्षेत्रहरूमा भइरहको शहरीकरणसँगै कीर्तिपुर नगरपालिकामा पनि द्रुत गतिमा शहरीकरण बढिरहेको छ। फलस्वरुप, शहरी क्षेत्रहरूमा खानेपानी र सरसफाइका सेवाहरूको माग बढ्दै गइरहेको छ। यस बाहेक फोहोरमैला, फोहोर पानी एवम् मानव मलमुत्र फोहोरको उचित व्यवस्थापन चुनौतिपूर्ण बन्दै गइरहेको छ। यिनै चुनौतिहरू लगायत घट्दो पानीका श्रोतहरू बीच पानी र सरसफाइका क्षेत्रमा राष्ट्रले लिएको लक्ष्य प्राप्ति गर्न पनि कठिन देखिन्छ।

यस परिप्रेक्षमा, नेपाल सरकारको लक्ष्य पूरा गर्न कीर्तिपुर नगरपालिकाको आयोजना र वातावरण र जनस्वास्थ्य संस्था (एन्फो)को आर्थिक तथा प्रविधिक सहयोगमा बागमती प्रदेश काठमाडौं जिल्लाको कीर्तिपुर नगरपालिकामा नगरपालिकाको सार्वजनिक सेवाहरूको केन्द्रमा "एकीकृत शहरी खानेपानी व्यवस्थापन" (Integrated Urban Water Management at the Center of Municipal Public Services) परियोजना अन्तर्गत क्षमता अभिबृद्धी गर्ने उद्देश्यले कीर्तिपुर नगरपालिका क्षेत्रभित्रका ४ वटा फोहर सङ्कलन तथा व्यवस्थापनमा संलग्न संस्थाका प्रत्यक्ष फोहरमैला कार्यमा संलग्न १६ जना सरसफाइकर्मीलाई सामाजिक दूरी लागु गरी कोभिड-१९ को समयमा व्यक्तिगत सुरक्षित र दिगो फोहरमैला व्यवस्थापन सम्बन्धी दुई दिने तालिम सम्पन्न भएको थियो।

यही असार ११ र १२ गते सम्पन्न उक्त तालिममा शुरुको दिन स्वास्थ्य, वातावरण, फोहरमैला तथा सरसफाइ समितिका संयोजक एवं कीनपा, वडा नं १ का अध्यक्ष हर्ष महर्जनले शुभकामना मन्तव्यका साथ तालिम शुभारम्भ गर्नु भएको थियो। तालिममा सृजना शाक्य र अनिल महर्जनले प्रशिक्षण दिनुभएको थियो भने तालिमको संयोजन कीर्तिपुर नगरपालिका, वातावरण तथा फोहर मैला व्यवस्थापन तथा सरसफाइ उपशाखा प्रमुख ज्ञानबज्र महर्जनले गर्नु भएको थियो।

# कीनपा-४ पालुबमा कलात्मक पाटी निर्माण हुँदै



कीर्तिपुर नगरपालिका वडा नं. ४, टुसाल, पालुब स्थित आँगेटारमा सामुदायिक भवन निर्माणको पहिलो चरणको कार्य सम्पन्न भएको छ। प्रदेश सभा सदस्य माननीय पुकार महर्जनले निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तरगत पालुब आँगेटारमा सामुदायिक भवन सहितको कलात्मक पाटी निर्माण गर्न रु.५ लाख र गाम्चा,कालिकाथान नजिक चौतारा निर्माण गर्न ५ लाख गरी कूल १० लाख रूपैंया विनियोजन गर्नु भएको थियो। उपभोक्ता समितिका अध्यक्ष नरेश महर्जनका अनुसार उल्लेखित दुवै स्थानमा इस्टिमेट बमोजिमको कार्य सम्पन्न भइसकेको जानकारी दिनुभएको छ। पालुब आँगेटारमा पहिलो चरणमा ६ वटा पिलर सहितको १० वर्ग फिटको २ वटा कोठाको हात्तिपाइला र ६ वटा पिलर सम्मको निर्माण गर्ने गरि इस्टिमेट भएको थियो।

प्रदेश सभा सदस्य माननीय महर्जनले निर्मित भवनको छत ढलान गर्नका लागि हालै मात्र रु.३ लाख दोश्रो चरणमा बजेट विनियोजन गर्नुभएको थियो। उक्त दोश्रो चरणमा विनियोजन गर्नुभएको रकमबाट छत ढलान गर्नेगरी कीर्तिपुर नगरपालिकासँग सम्झौता भैसकेको र निर्माण कार्य सम्पन्न गर्ने योजनाकासाथ समिति अगाडि बढेको बताउनु भयो।

उक्त निर्माणाधिन सामुदायिक भवनको तल्लो तला सामुदायिक भवनका रुपमा र छत ढलान पछि दोश्रो तलामा दाछि ईंटा लगाई परम्परागत शैलीको कलात्मक पाटी निर्माण गर्ने लक्ष्य रहेको उपभोक्ता समितिका अध्यक्षले बताउनु भयो।

## बुद्ध मन्दिर संरक्षण समितिले बाटो मर्मत गर्दै



कीर्तिपुर नगरपालिका वडा नं. ४, टुसाल, पालुब स्थित राष्ट्रिय विभूती भगवान गौतम बुद्धको मन्दिर प्रवेश गर्ने बाटो मर्मत गरी ढुङ्गा छाप्ने लगायतका कार्यका लागि कीर्तिपुर नगरपालिकाले रु. ३,८५,६००।- विनियोजन गरेको छ। उक्त विनियोजित रकमबाट मर्मत सम्भार गर्नका लागि कीर्तिपुर ४ का वडा अध्यक्ष राजेन्द बानियाँको रोहवरमा गत जेठ २५ गते बसेको भेलाले उल्लेखित निर्माण कार्य बुद्ध मन्दिर संरक्षण समितिबाट गर्ने भनी निर्णय भएको थियो। सोही बमोजिम हाल करीब ७५ प्रतिशत कार्य सम्पन्न भएको र चालु आर्थिक वर्षको अन्तिमसम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको संरक्षण समितिका अध्यक्ष बुद्ध महर्जनले बताउनु भएको छ।

# नगाउँको जेष्ठ नागरिक दिवा सेवा समिति भवनको शिलान्यास सम्पन्न

कीर्तिपुर नगरपालिका वडा नं. ९ नगाउँमा बनाउन लागिएको ज्ञानमाला जेष्ठ नागरिक दिवा सेवा समितिको भवनको शिलान्यास भएको छ । कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले हिजो असार १४ गते एक कार्यक्रमका बीच उक्त भवनको शिलान्यास गर्नु भएको हो।

वडा स्तरीय गौरवको योजना रहेको उक्त भवनको लागि वडाबाट चालु आर्थिक वर्षमा १८ लाख बजेट विनियोजन गरेको छ। परम्परागत नेवाः शैलीमा नगाउँको साः पुखूमा बनाउन लागिएको उक्त भवन ३ तल्लाको हुनेछ।


भवन सम्पन्न गर्न करीव एक करोड पचास लाख खर्च हुने अनुमान गरिएको वडा नं. ९ का अध्यक्ष गंगाराम महर्जनले बताउनु भएको छ।



## सूचना ! सूचना ! !

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित यस “नगर सन्देश” बुलेटिनबारे केही सरसल्लाह वा प्रतिक्रियाहरू छन् भने कृपया तलको ठेगानामा आइपुग्ने गरी पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

**सम्पर्कको लागि**
कीर्तिपुर नगरपालिका भवन
फोनः ४३३११८९
ईमेल
nagarsandes@gmail.com




कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com